**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०२ सितम्बर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

**१.उपराष्ट्रपति सी.पी. राधाकृष्णन आज छत्तीसगढ़को रायपुरको भ्रमणमा रहनु हुनेछ। यस अवधि, उपराष्ट्रपतिले एम्स रायपुरको तेस्रो दीक्षांत समारोहमा भाग लिनु हुनेछ।**

**२.प्रधानमंत्री नरेंद्र मोदीले आज नयाँ दिल्लीमा जल शक्ति मंत्रालयको विभागीय शिखर सम्मेलनको समापन सत्रलाई संबोधन गर्नुहुनेछ।**

**३.बेल्जियमका प्रधानमंत्री बार्ट डि वेवरको तीन दिनको भारत यात्रा आजदेखि शुरू भइरहेको छ। यस अवधि उहाँले प्रधानमंत्री नरेन्द्र मोदीसित द्विपक्षीय वार्ता गर्नु हुनेछ।**

**४.सरकारले चिनी व्यापारीहरूको लागि स्टक होल्डिङ सीमा चार हजार क्विन्टलबाट घटाएर दुई हजार क्विन्टल गरेको छ।**

**५.यूक्रेनका राष्ट्रपति वोलोदिमिर जेलेंस्कीले यूक्रेन माथि हाल भएको रूसी हमलामा मारिएका 12 जनामा एक भारतीय नागरिक पनि सामेल रहेको बताउनु भएको छ।**

**उपराष्ट्रपति- छत्तीसगढ़**

**उपराष्ट्रपति सी.पी. राधाकृष्णन आज छत्तीसगढ़को रायपुरको भ्रमणमा रहनु हुनेछ। यस अवधि, उपराष्ट्रपतिले एम्स रायपुरको तेस्रो दीक्षांत समारोहमा भाग लिनु हुनेछ।**

**पीएम-स्वदेशी**

**प्रधानमंत्री नरेन्द्र मोदीले एक पटक फेरि मानिसहरूलाई स्वदेशी वस्तुहरू अपनाउन, विदेशमा सुनको अनावश्यक खरीद र विवाह नगर्न आह्वान गर्नुभएको छ।एक भिडियो सन्देशमा प्रधानमन्त्री मोदीले विदेशमा बिदा नमनाउन, अन्य देशमा गएर विवाह नगर्न र अति आवश्यक पर्दामात्र सुन किन्न आग्रह गर्नुभएको छ। प्रधानमन्त्रीले सात दशमलव आठ प्रतिशत आर्थिक वृद्धिदर हासिल गरेकामा देशवासीलाई बधाई दिनुहुदै स्वदेशी उत्पादनको आत्मनिर्भरता र प्रयोगमा जोर दिनुभएको छ।**

**BYTE**

**संशो. प्रधानमंत्री- जल शिखर सम्मेलन**

**प्रधानमंत्री नरेंद्र मोदीले आज नयाँ दिल्लीमा जल शक्ति मंत्रालयको विभागीय शिखर सम्मेलनको समापन सत्रलाई संबोधन गर्नुहुनेछ। यस शिखर सम्मेलनले केंद्र र राज्यहरुलाई एक साथ ल्याएर महत्वपूर्ण क्षेत्रीय प्राथमिकताहरुमाथि विचार-विमर्श गर्नेछ र समयबद्ध कार्य योजनाहरु विकसित गर्नेछ।**
**शिखर सम्मेलन चार प्रमुख क्षेत्रहरुमा केंद्रित छ , जल अवसंरचना परियोजनाहरुको समयबद्ध कार्यान्वयन; जल संचय जन भागीदारी- कैच द रेन; पेयजल प्रणालिहरुको स्रोतहरुको स्थिरता; तथा जल जीवन मिशन 2.0 ।यस पहलको उद्देश्य राष्ट्रिय लक्ष्यहरूको लागि साझा जिम्मेवारीलाई बढावा दिनु र छलफलले शासन र सेवा वितरणमा**

मापनयोग्य सुधारहरू निम्त्याउने सुनिश्चित गर्नु हो।

बेल्जियम -प्रधानमंत्री

बेल्जियमका प्रधानमंत्री बार्ट डि वेवरको तीन दिनको भारत यात्रा आजदेखि शुरू भइरहेको छ। यस अवधि उहाँले प्रधानमंत्री नरेन्द्र मोदीसित द्विपक्षीय वार्ता गर्नु हुनेछ। दुइ नेता बीच द्विपक्षीय संबंध अनि आपसी हितका सबै क्षेत्रीय अनि वैश्विक मुद्दामाथि चर्चा हुनेछ| प्रधानमंत्री डि वेवेरले एक व्यावसायिक कार्यक्रममा भारत-यूरोपीय संघ मुक्त व्यापार समझौताको संदर्भमा मुख्य भाषण पनि दिनु हुनेछ। उहाँ मुंबईको यात्रामा पनि जानु हुनेछ। त्यहा उहाँले हीरा, बंदरगाह अनि लॉजिस्टिक्ससित जोडिएका क्षेत्रहरुको विभिन्न हितधारकहरु साथ बातचीत गर्नु हुनेछ। विदेश मंत्रालयले भनेको छ उहाँको यो यात्रा भारत - बेल्जियम बीच आपसी साझेदारीलाई सुदृढ गर्ने एक महत्वपूर्ण अवसर हो। यस अवधि व्यापार अनि निवेश, रक्षा अनि सुरक्षा, प्रौद्योगिकी, नवीकरणीय ऊर्जा, संपर्क तथा जन जन बीचको संबंध सहित आपसी हितका विभिन्न क्षेत्रहरुमा सहयोग अघि बढने छ। मंत्रालयले यो पनि भनेको छ बेल्जियमका प्रधानमंत्रीको यो यात्राले भारत अनि यूरोपीय संघ तथा भारत-यूरोप बीच संबंध अझ प्रगाढ़ हुनेछ।

चौहान - प्रधानमंत्री कृषि योजना

कृषि एवं किसान कल्याण मंत्री शिवराज सिंह चौहानले हिजो नयाँ दिल्लीमा आयोजित एक बैठकमा प्रधानमंत्री धन-धान्य कृषि योजनाको समीक्षा गर्नु भयो। बैठकमा चिन्हित 100 जिल्लाहरुमा योजनामा तिब्रता ल्याउने, योजनाहरु बीच समन्वयलाई मजबूत गर्ने अनि किसानहरुका लागि जिल्ला स्तरीय प्रदर्शनमा सुधारमा ध्यान केंद्रित गरियो।

यो योजना छ प्रमुख उद्देश्यहरुमा केंद्रित छ: कृषि उत्पादकता बढ़ाउन, फसल विविधीकरण अनि टिकाऊ कृषि पद्धतिहरुलाई बढ़ावा दिन, फसल कटाई पछि भंडारण क्षमता बढ़ाउन, सिंचाई अवसंरचनामा सुधार गर्न, अल्पकालिक अनि दीर्घकालिक कृषि ऋणसम्म अधिक पहुंचलाई सक्षम बनाउन अनि शासन एवं सेवा वितरणमा सुधार गर्न सामेल छ।

पश्चिम बंगाल सरकार - पारदर्शिता

पश्चिम बंगाल सरकारले आज देखि सरकारी फाइलहरु अनि पत्राचारहरु,मा अधिकारिहरुको पहिचान स्पष्ट गर्न अनिवार्य गरेको छ। यसको उद्देश्य सरकारी कामकाजमा पारदर्शिता अनि जवाबदेही बढ़ाउनु हो। नयाँ व्यवस्था अन्तर्गत अधिकारीहरुले फाइलहरुमा हस्ताक्षरको साथ पूरा नाम अनि पदको मोहर लगाउन पर्नेछ। कार्मिक अनि प्रशासनिक सुधार विभागको सचिव अनूप अग्रवालले यस संबंधमा निर्देश जारी गर्नुभयो। सरकार अनुसार, धैरै पल्ट अस्पष्ट हस्ताक्षरहरुका कारण यो पत्तो लगाउन कठिन थियो कि फाइलहरुका लागि गरिएको निर्णयका लागि कुन अधिकारी जिम्मेवार छ। नयाँ नियमले जिम्मेदारी तय गर्न सहज हुनेछ।

नेपाल-बाढ़

नेपालका प्रधानमंत्री बालेंद्र शाहले भन्नुभयो पछिलो सप्ताह भोटेकोशी नदीको मार्ग रसुवामा आएको भीषण बाढ़ जलवायु परिवर्तनको परिणाम हो। सोशल मीडिया पोस्टमा उहाँले भन्नुभयो हिमालयी क्षेत्रको तापमानमा 1 दशमलव 8 डिग्री सेल्सियसको बढ़ोतरी भएको छ। उहाँले भनुभयो हिमालयमा जलवायु परिवर्तनको बढ़दो प्रभावहरुले आपदाको खतरा बढिरहेको छ अनि यो स्थितिसित जुझ्न वैश्विक जिम्मेदारी हो। आधिकारिक आंकड़ा अनुसार, बाढ़बाट मर्नेहरुको संख्या बढेर एक हजार 50 भएको छ अनि लगभग चार हजार अझ बेपता छन्।

राष्ट्रपति- राष्ट्रीय अध्यक्ष नितिन नवीन

भारतीय जनता पार्टीका राष्ट्रीय अध्यक्ष नितिन नवीनले हिज मंगलवार राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी

मुर्मुसंग  शिष्टाचार भेंटवार्ता गर्नुभयो । भाजपा अध्यक्ष नितिन नवीनले सामाजिक सञ्जालमाभन्नुभयो कि , 'राष्ट्रपतिको  सहज सभाव र राष्ट्रप्रति अटुट सेवाले हामीलाई धेरै कुरा सिकाउँछ । उहाँको  मार्गदर्शनले हामीलाई देश र समाजको उत्थानका लागि निरन्तर काम गर्न नयाँ ऊर्जा र प्रेरणा दिदछ  । शिष्टाचार भेटघाटमा देशको वर्तमान सामाजिक र राजनीतिक मुद्दाहरूमा पनि छलफल भएको थियो ।

## यूक्रेन-रूसी हमला भारतीय मौत

यूक्रेनका राष्ट्रपति वोलोदिमिर जेलेंस्कीले भन्नुभयो, यूक्रेन माथि हाल भएको रूसी हमलामा मारिएका 12 जनामा एक भारतीय नागरिक पनि सामेल छ। उहाँले बताउनु भयो ड्रोन अनि मिसाइल हमलामा धेरै शहरहरुमा आवासीय भवन अनि नागरिक ढांचालाई नोकसान पुगेको छ। यी हमलाहरुमा धेरै घाइते भएको छ। यूक्रेनमा भारतीय दूतावासले भारतीय नागरिकको मृत्युमा दुख जताएको छ। दूतावासले बताएको छ मृतकको परिजन अनि यूक्रेनी अधिकारी लगातार संपर्कमा छ अनि पार्थिव शरीरलाई चाडै भारत ल्याउने हरसंभव कोशिश गरिँदै छ।

## चीनी भंडार

सरकारले चिनी व्यापारीहरूको लागि स्टक होल्डिङ सीमा चार हजार क्विन्टलबाट घटाएर दुई हजार क्विन्टल गरेको छ । यो नियम यस वर्षको नोभेम्बर १५ देखि नोभेम्बर ३० सम्म लागू हुनेछ। नयाँ स्टक सीमाको उद्देश्य होर्डिङमा अंकुश लगाउने, पर्याप्त उपलब्धता सुनिश्चित गरेर उपभोक्ताको हितको रक्षा गर्ने र मूल्यमा स्थिरता ल्याउने हो।  संशोधित प्रावधानअनुसार कुनै पनि चिनी व्यापारीले कुनै पनि चिनी प्राप्त भएको मितिले ३० दिनभन्दा बढी समयसम्म कुनै पनि स्टक राख्न पाउँदैनन् । चिनी व्यापारीले कुनै पनि समयमा र देशभरि कुनै पनि स्थानमा दुई हजार क्विन्टलभन्दा बढी चिनी राख्न पाउँदैनन् । तर, कोलकाता र यसको वरपरका महानगरहरूको विशिष्ट बजार आवश्यकतालाई ध्यानमा राख्दै स्टक होल्डिङ सीमा चार हजार क्विन्टल रहनेछ ।उपभोक्ता मामिला, खाद्य र सार्वजनिक वितरण मन्त्रालयले भनेको छ कि कोलकाताले उत्तर प्रदेश र महाराष्ट्रबाट चिनी किन्छ र उत्तर-पूर्वी क्षेत्र सहित देशको पूर्वी भागमा आपूर्ति गर्दछ। त्यसैले कोलकाता र यसको वरपरका महानगरीय क्षेत्रहरूको लागि चार हजार क्विन्टलको हालको सीमा कायम राखिएको छ।सरकारले उपभोक्ताहरूलाई आश्वासन दिएको छ कि उसले घरेलु बजारमा चिनीको पर्याप्त उपलब्धता, व्यवस्थित आपूर्ति र मूल्य स्थिरता कायम गर्न आवश्यक सबै कदमहरू चालिरहेको छ।